# बबई राजपत्र

बबई गाउँपालिकाद्वारा प्रकाशित

खण्ड :४    बबई, दाङ,    (संख्या :  ३    मिति : २०७७/०८/०६


## भाग-२

## सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यविधि, २०७७

प्रस्तावना :

मातृ तथा शिशु मृत्युदर घटाउनुको साथै उच्चतम मानसिक, शारिरिक वृद्धि गर्नको लागि सुरक्षित मातृ स्याहार गर्ने अपरिहार्य भएकोले सुरक्षित मातृत्वको क्षेत्रमा सुनौला हजार दिनका महिलाका लागि लगानी गर्ने जरुरी भएकोले मातृ तथा शिशु मृत्युदर कम गर्ने, गुणस्तरिय स्वास्थ्य सेवा वढाउन स्वस्थ आमा, शिशु र वालवालिकाको स्वास्थ्यमा सुधार ल्याई स्वस्थ समाज निर्माण गर्ने साथै नेपालको संविधान वमोजिम आधारभूत स्वास्थ्य सेवा पाउने जनताको संवैधानिक अधिकार स्थापित गर्नको लागि **“स्वस्थ आमा, स्वस्थ शिशु, स्वस्थ परिवार, देश विकासको मुल आधार”** भन्ने बबई गाउँपालिकाको अवधारणालाई सफल कार्यान्वयन गर्न **सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यविधि, २०७७** बबई गाउँपालिकाको कार्यपालिकाको मिति २०७७०८।०६ गतेको वैठकको निर्णयानुसार पारित गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

१) यस कार्यविधिको नाम “**सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यविधि, २०७७**” रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः

१) विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः-

क) मातृशिशु सुरक्षा तथा “**सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यविधि, २०७७**” भन्नाले बबई गाउँपालिकावाट महिला र वालवालिकाको स्वास्थ्यमा सुधार ल्याउनको लागि संचालन गरिएको कार्यविधि लाई सम्फनु पर्छ ।

ख) “लक्षित वर्ग” भन्नाले बबई गाउँपालिकामा स्थायी ठेगाना भएको गर्भवती भए देखिसुत्केरी भएको ३५ दिन भित्रको आमा र वच्चालाई सम्फनु पर्छ ।

ग) "सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यक्रम" भन्नाले बबई गाउँपालिका भित्र स्थायी वसोवास भई सुत्केरी भएका महिलालाई उत्प्रेरणा र पोषण स्थितिमा आमा र बच्चाको स्वास्थ्य सुधार गर्नको लागि गाउँपालिकाले ल्याएको महिला र वालवालिका कार्यक्रम हो ।
घ) "गाउँपालिका" भन्नाले बबई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।
ङ) " प्रोटोकल" भन्नाले गर्भवती आमा र बच्चाहरुलाई स्वस्थ र स्वास्थ्य सेवा उपभोग गर्न तपसिल अनुसारको कार्यलाई सम्झनु पर्छ ।
अ) पहिलो गर्भवती जाँच-गर्भ रहेको चौथो महिनामा-जुकाको औषधी/टि.डि. खोप/आईरन चक्की सुरुवात गर्नुपर्ने ।
आ) दोस्रो जाँच-छैठौं महिनामा-टि.डि. खोप/आईरन चक्की नियमिमत खानुपर्ने, दास्रो गर्भमा टि.डि. लगाउनुपर्दैन ।
इ) तेस्रो जाँच- आठौं महिनामा -आईरन चक्की गर्भवती सुरुभएको चार महिना देखिप्रसुति भएको ४५ दिन सम्म नियमित खानुपर्छ ।
ई) चौथो जाँच - गर्भ रहेको नौ महिनामा गर्भवती जाँच गर्नुपर्दछ ।
उ) बच्चा जन्मेको २४ घण्टा भित्र ३ दिन र ७ दिनमा ३ पटक उत्तर प्रसुति सेवा अनिवार्य लिएको हुनुपर्दछ।

२) सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता कार्यक्रम ल्याउनुको मुख्य उद्देश्य आमा र वच्चालाई गुणस्तरिय स्वास्थ्य सेवा दिनु, असल पारिवारिक वातावरणमा पोषणयुक्त खाद्य वस्तु उपभोग गर्नु, स्वस्थ खानेपानी, सरसफाई, पोषण, गुणस्तरिय स्वास्थ्य सेवा उपभोग गर्नु, सुरक्षित प्रसुति सेवा लिनु, आमा र शिशुको मृत्युदरमा कमी ल्याउनु, महिला र बालबालिका मैत्री सेवा विस्तार गर्नु, निरोगी, सुपोषित र स्वावलम्वी नागरिक निर्माण गर्नु जस्ता कार्यहरु यस कार्यक्रमको मुख्य उद्देश्य हो ।

## परिच्छेद २
## कार्यान्वयन कार्यविधि

१) प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता आर्थिक वर्ष २०७७।०७८ देखि लागु हुनेछ ।
२) प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता बबई गाउँपालिकाको १ देखि ७ वडामा एकैसाथ लागु हुनेछ ।
३) प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता प्राप्त गर्नलाई प्रत्येक गर्भवती आमाले प्रोटोकल अनुसार र प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता कार्यविधि अनुसार नियम पुगेमा रकम उपलब्ध गराईने छ । नियम पुरा नभए रकम उपलब्ध गराउन सकिने छैन ।
४) गाउँपालिकाको स्रोतवाट प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता रकम रु. २०००।- (अक्षेरुपी दुई हजार मात्र) हुने छ । नेपाल सरकारवाट प्राप्त हुने रकम चार पटक गर्भ जाँच र सुचिकृत स्वास्थ्य संस्थामा प्रसुति सेवा लिएमा रु. ८००।- र रु. १०००।- गरि जम्मा रु. १८००।- प्रसुति सेवा लिएका संस्थावाट प्राप्त हुनेछ ।
५) गाउँपालिकाको स्रोतवाट दिईने रकम रु. २०००।- (अक्षेरुपी दुई हजार मात्र) बबई गाउँपालिकाको वडा कार्यालयवाट उपलब्ध गराईने छ । सो रकम प्राप्त गर्नको लागि प्रोटोकल अनुसार ४ पटक गर्भ जाँच , सुचिकृत स्वास्थ्य संस्थामा प्रसुति सेवा लिएको, सुत्केरी भएको २४ घण्टा, ३ दिन र ७ दिनमा उत्तर प्रसुति सेवा लिएको र वच्चा जन्मेको ३५ दिन भित्र जन्म दर्ता गराएको हुनुपर्ने छ ।
६) प्रसुती स्याहार प्रोत्साहन पोषण भत्ता एक जना महिलालाई दुई वटा बच्चा वा दुई पटक प्रसुति सेवा लिदा सम्म मात्र उपलब्ध गराईनेछ, जुम्ल्याहा वच्चाको हकमा दोस्रो प्रसुतिमा यो नियम लागु हुने छैन ।
७) कुनै पनि गर्भवतीले प्रोटोकल अनुसार जाँच नगरेता पनि प्रसुती सेवा सुचिकृत स्वास्थ्य संस्थामा लिएको कागजात  र ३५ दिन भित्र वडा कार्यालयमा जन्मदर्ता गराई बच्चालाई वि.सी.जी. खोप साथै प्रसुति जाँच

गराएमा रु. ३०००।- (अक्षेरुपी तिन हजार मात्र) उपलव्ध गराईने छ। यो रकम दुई किस्तामा हुनेछ, रु. १०००।- (अक्षेरुपी एक हजार) सम्वन्धित प्रसुति भएको संस्थावाट उपलव्ध गराईनेछ र रु. २०००।- ( अक्षेरुपी दुई हजार) सम्वन्धीत वडा कार्यालयवाट उपलव्ध गराईने छ।

८) प्रसुति सेवा स्वास्थ्य संस्थावाट लिदा वच्चा पहिलै पेट भित्र मरेको वा जन्मीसकेपछि मरेमा उक्त बच्चाको जन्मदर्ता र खोप लगाएको खोप कार्ड नभए पनि भत्ता उपलव्ध गराउनवाट बन्चित गरिने छैन।

९) प्रसुति सेवा सुचिकृत स्वास्थ्य संस्थावाट सेवा लिई वच्चा जन्मेको ६ महिना भित्र आमाको मृत्यु भएमा सुत्केरी स्याहार प्रोत्साहन भत्ता वच्चाको पालनपोषण गर्ने व्यक्तिलाई समेत प्रदान गरिनेछ।

१०) सामाजिक, आर्थिक, भौगोलिक रुपमा टाढा भई स्वास्थ्य चेतनाको अभाव जानकारी नभई स्वास्थ्य सेवाको पहुँचवाट टाढा र सामाजिक रुपमा विभेदमा पारिएका महिलाहरुले घरैमा प्रसुति भएमा प्रसुति जाँच बच्चालाई खोप र ३५ दिन भित्रमा बच्चाको जन्मदर्ता बबई गाउँपालिकाको स्थायी वासिन्दा भएमा प्रसुति स्याहार प्रोत्साहन पोषण भत्ता एकमुस्ट रुपमा रु. २०००।- (अक्षेरुपी दुई हजार मात्र) सम्वन्धीत जन्मदर्ता गराएको वडा कार्यालयवाट उपलव्ध गराईनेछ।

११) निजामती या सरकारी कर्मचारीको सवालमा सरकारले नै विशेष भत्ता वा सेवा सुविधाको व्यवस्था गरेको हुनाले दोहोरो सुविधा लिन नपाईने नियमानुसार यो सुविधा प्राप्त गर्न सकिने छैन।

१२)यस सुत्केरी स्याहार भत्ता उपलव्ध गराउनको लागि ३५ दिन भित्र जन्मदर्ता, प्रोटोकल अनुसार गर्भजाँच र वच्चा जन्मेको २४ घण्टा भित्र , ३ दिन भित्र र ७ दिनमा उत्तर प्रसुति सेवा लिएको र सुचिकृत संस्थामा प्रसुति सेवा लिएको हुनुपर्दछ। त्यसका लागि सम्वन्धीत वडा कार्यालयहरुले सेवा ग्राही वाट प्राप्त कागजात सहित आफ्नो नजिकको स्वास्थ्य संस्था संलग्न विवरण अनुसार प्रमाणित गरि वडा कार्यालयवाट सुत्केरी प्रोत्साहन स्याहार भत्ता भुक्तानी हुनेछ।

१३) यस कार्यविधिमा थप प्रष्ट पार्नुपर्ने अवस्थामा बबई गाउँकार्यपालिकाले निर्णय गर्न सक्नेछ।

आज्ञाले
भीष्म कुमार मल्ल
प्रमुख प्रशासकिय अधिकृत